# लेखापरीक्षण प्रतिवेदन

# लिखु गाउँपालिका, नुवाकोट

## आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लिखु गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/614

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू

लिखु गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय,

नुवाकोट।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/614

श्रीमान् अध्यक्षज्यू ,

लिखु गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

नुवाकोट।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले स्वीकृत नेपाल सार्वजनिक लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड २५ लाख ८५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७ लाख ५० हजार, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.४ लाख ८० हजार, गरी जम्मा रु.९ करोड ३८ लाख १५ हजार समावेश गरेको छैन।

२.२. लिखु गाँउपालिकाको रू.१ अर्ब ८८ लाख ९० हजारको आय व्ययको लेखापरीक्षणबाट रू.१ करोड १५ लाख ८६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.१९ लाख ५० हजार फर्स्यौट भई असुल गर्नुपर्ने रू.१८ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२६ लाख ३९ हजार, नियमित गर्नुपर्ने रू.३१ लाख ५१ हजार र पेश्की बाँकी रू.२० लाख २० हजार गरी जम्मा रू.९६ लाख ३६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.५ करोड ७१ लाख ८९ हजार मध्ये रू.२ लाख फर्स्यौट भई यसवर्षको थपसमेत गरीहालसम्म अद्यावधिक बेरुजू रु.६ करोड ६६ लाख २५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले लिखु गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने लिखु गाँउपालिकासंग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाकोअनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ४५ | १,१५,८६,१०४ | ० | १० | १९,४९,८१६ | ० | ५३ | ३५ | ९६,३६,२८८ | १८,२७,३६३ | ३१,५०,२४८ | २६,३८,६७७ | ० | ० | ५७,८८,९२५ | २०,२०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ५,७१,८९,००० | | २,००,००० | ५६९८९००० | ० | ९६,३६,२८८ | ६६६२५२८८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४३ | सेवा तथा परामर्श खरिदः | ३१,८८८ |
| २ | २०८१/८२ | ४६.5/४६.८ | शिक्षा तर्फ | ८,००,००० |
| ३ | २०८१/८२ | ४५ | म्याद नाघेको पेश्की | १०,९८,५०० |
| ४ | २०८१/८२ | ३०.४ | उपभोक्ता समिती मार्फत कार्य | ४,०९२ |
| ५ | २०८१/८२ | ३२.३/३२.४ | आन्तरिक आय तर्फ | १५,३३६ |
| ६ | २०८०/८१ | ३२.२ | व्यवसाय कर | १,००,००० |
| ७ | २०७९/८० | ३२ | व्यवसाय कर | १,००,००० |
| जम्मा | | | | २१४९८१६ |

# लिखु गाउँपालिका, नुवाकोट

# ( ८०३२९५०८३०० )

# लिखु गाउँपालिका , नुवाकोट

# परिचय

१ **परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता,सह–अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ६ वडा, ४७.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा १७७२८ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षणको उद्देश्य**

स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण लेखापरीक्षण नीति मानदण्ड व्यवस्थापन प्रतिनिधित्व लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षणसम्पत्र गरिएको छ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगर/गाउँ पालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार नगर/गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र र सञ्चालन गर्ने अभिभारा नगर/गाउँपालिकाको हुने उल्लेख छ।सोही अधिकार बमोजिम पालिकाले कार्य गर्दै आएको छ।

४ **लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०६ देखि २०८२।०५।१० सम्म रहेको छ ।

५ **लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

६ **लेखापरीक्षण सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

७ **आर्थिक कारोबारको स्थिति**

कार्यालयको आय-व्ययतर्फ रु.१,००,८८,९०,१७२।३६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

८ **लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा रु.५,७२,७६५।-असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

९ **वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

९.१ पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ:

लिखु गाउँपालिका
आर्थिक वर्ष २०८१/८२
आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १.सुरु मौज्दात | | ४९७९६३०८.९ | चालु खर्च | | २३,१८,८४,६८७.९५/- |
| १.सचित कोष | | २४८२५९५९.४८/- | १. पालिका तर्फ | | १०,६३,१२,४७७.६६/- |
| २.धरौटी | | ६६९२३३६.४२/- | २. संघीय सशर्त | | १२,२७,३१,९४०.९९/- |
| ३.विविध खर्च | | १०४६३५८१.९८/- | ४. प्रदेश सशर्त | | २८,४०,२६९.३०/- |
| ४.प्रकोप व्यावस्थापन कोष | | ५३७८६५१/- | | | |
| ४. अन्य कोष(आन्तरिक राजश्व खाता ) | | २४३५७८०.०२/- | | | |
| २.यस वर्षको आय | | ४१४३७९३६१.७१/- | | | |
| १.आन्तरिक आय | | ७९८९२९६.९०/- | | | |
| २.स्थानिय राजश्व बाँडफाँड | | २०५०३१४२.०६/- | पुँजीगत खर्च | | ११,७८,४६,३०७/- |
| ३. वित्तीय हस्तान्तरण (संघ) | | ३२२७०३८६९.८९/- | १. पालिका तर्फ | | ४,७८,३०,०४८/- |
| क) समानीकरण अनुदान | | ७४४१७३६०/- | २. संघीय सशर्त | | ३,४१,८८,१३७/- |
| ख) राजस्व बाँडफाँट | | ५९०२५८८०.७५/- | ३. संघीय समपुरक | | ४२,०४,५०७/- |
| ग) सशर्त अनुदान | | १८३०१०००0/- | ४. संघीय विशेष | | ० |
| घ) समपुरक अनुदान | | ६२३५४२२/- | ५. प्रदेश सशर्त | | ९२,६०,०००/- |
| ङ) विशेष अनुदान | | ० | ६. प्रदेश विशेष | | २८,५५,३६९/- |
| च) रोयल्टी | | १५२०७.१४/- | ७. प्रदेश समपुरक | | १,९५,०८,२४६/- |
| छ) अन्य | | | अन्तर सरकारी अख्तियारी (संघ) | | ९,३८,१४,६१७/- |
| ४. वित्तीय हस्तान्तरण (प्रदेश) | | ६३१८३०५२.८६/- | क) सामाजिक सुरक्षा | | ९,२५,८४,६१७/- |
| क) समानीकरण अनुदान | | ७२५२०००/- | ख) विद्यालय शिक्षा क्षेत्र योजना - | | ५,८०,०००/- |
| ख) राजस्व बाँडफाँट | | १८२१९०५२.८६/- | ग) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम | | ७,५०,०००/- |
| ग) सशर्त अनुदान | | १२७१२०००/- | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | |
| घ) समपुरक अनुदान | | २००००००0/- | ऋण फिर्ता(साँवा) | | |
| ङ) विशेष अनुदान | | ५०००००0/- | ऋणको ब्याज भुक्तानी | | |
| च) रोयल्टी | | ० | धरौटी फिर्ता तथा सदर स्याहा | | ४५,८५,५८९.८४/- |
| छ) अन्य | | ० | कार्यसञ्चालन कोषबाट भएको खर्च | | ६३,२५,७४१ |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ९३८१४६१७/- | अन्य कोषबाट भएको खर्च | | |
| क) सामाजिक सुरक्षा | | ९२५८४६१७/- | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| ग) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम | | ७५००००/- | | | |
| ख) विद्यालय शिक्षा क्षेत्र योजना - | | ४८००००/- | अन्य सहयोगमा सञ्चालित योजना | | |
| .............. | | | अन्य खर्च भएमा | | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ० | अनुदान फिर्ता | | ४,०७,४०,५७५.७१/- |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | १. संघ तर्फ | | २,८१,२०,८३७.०१/- |
| ७. धरौटी आय | | ४०६२१७५.३२/- | क) सशर्त अनुदान | | २,६०,८९,९२२.०१/- |
| ८. प्रकोष व्यावस्थापन | | १००००००/- | ख) विशेष अनुदान | | |
| ९. विविध खर्च खाता | | ४३६४९९.८३/- | ग) समपुरक अनुदान | | २०,३०,९१५/- |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | २. प्रदेश तर्फ | | १,२६,१९,७३८.७/- |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | क) सशर्त अनुदान | | ६,११,७३०.७/- |
| १२. अन्य आय भएमा | | | ख) विशेष अनुदान | | २१,४४,६३१/- |
| | | | ग) समपुरक अनुदान | | ९८,६३,३७७/- |
| | | | अन्तिम मौज्दात | | ६,८२,९१,४४४.२६/- |
| | | | १. संचित कोषको मौज्दात | | ५,०६,७८,०५५.८८/- |
| | | | २. धरौटी | | ६१,६८,९२१.९०/- |
| | | | ३. विविध खर्च खाता | | १,०९,००,०८१.८१/- |
| | | | ४. प्रकोप व्यावस्थापन कोष | | ५२९१० |
| | | | ५.आन्तरिक राजश्व खाता | | ४९१४७४.६७/- |
| जम्मा | | ५६३४८८९६२.७६/- | जम्मा | | ५६३४८८९६२.७६ |

प्रमुख प्रशासकीय अधिकृत

**(विस्तृत विवरण बेरूजु दफा ९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९.२ **जिम्मेवारी फरक परेको-** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। म.ले.प.फा.नं.२७० अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु ६,४४,८९,१५७.९०रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रु ६,३०,५३,३७७.८८ सारेको देखियो। विगतको जिम्मेवारी भन्दा रु १४३५७८०।०२ घटी जिम्मेवारी सुत्रमा उल्लेख गरेको सम्बन्धमा कारण पहिचान गरी हिसाब समायोजन विवरण पेश गर्नुपर्दछ।

९.३ **दायित्व भुक्तानी** -पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु. (५०,५३२.६५) देखाएको छ। एकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,५३२ |

९.४

**बैक हिसाब मिलान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार र बैक अनुसारको हिसाब विवरण देहाय बमोजिम रहेको छन।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैक स्टेटमेन्ट अनुसार मौज्दात | फरक |
|---|---|---|---|
| ग १.१,आन्तरिक राजस्व खाता | -३२९३०१.१ | ० | ३२९३०१.१ |
| ग १.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ०. |
| ग १.३,आन्तरिक अनुदान खाता | ० | ० | ०. |
| ग २.२,चालू खर्च खाता- जोर वर्ष | ० | ० | ०. |
| ग २.४,पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ०. |
| ग २.७,विविध खर्च खाता | १०९०००८१.८१ | १०९०००८१.८१ | ०. |
| ग ३.१,स्थानीय तह धरौटी खाता | ६११३९२१.९ | ६११३९२१.९ | ०. |
| ग ४.१,स्थानीय तह सञ्चित कोष खाता | ५०६७५६७८.५३ | ५०६७६२२९ | ५५०. |
| ग ६.१, स्थानीय तह विभाज्य कोषखाता | १५०० | १५०० | ०. |
| ग ७.२,स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५२९१० | ५२९१० | ०. |

स्थानीय सञ्चित कोषतर्फ रु ५५०। श्रेस्ता भन्दा बैक घटी र आन्तरिक राजस्व खातातर्फ रु ३२९३०१.१ ऋणात्मक मौज्दात देखिएको सम्बन्धमा श्रेस्ता र बैक अनुसार मौज्दात फरक पर्नुको कारण बिश्लेषण गरी हिसाब समायोजन गर्नुपर्दछ

## १० **आन्तरिक नियन्त्रण**

१०.१ **आन्तरिक नियन्त्रण प्रणाली**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. रू३९ लाख ८३ हजार ७६९ खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू २१ लाख २० हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।पालिकाले कृषि तथा पशुसँग

सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्दृढ वनउनुपर्ने देखिन्छ ।

१०.२ **आन्तरिक लेखापरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।साथै सोही दफाको उपदफा ४ मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षणको क्रममा औंल्याएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको तथा पालिका तर्फको आन्तरिक लेखापरीक्षण बार्षिकरुपमा मात्र गरेको छ । कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ११ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले २०८२।३।२९ मा देहाय अनुसारको रकम खर्च नभई फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १८३०१०००० | १५६९२००७७.९९ | २६०८९९२२ |
| | समपुरक | ६२३५४२२ | ४२०४५०७ | २०३०९१५ |
| प्रदेश सरकार | शसर्त | १२७१२००० | १२१००२६९.३ | ६११७३०.७ |
| | विषेश | ५०००००० | २८५५३६९ | २१४४६३१ |
| | समपुरक | २०००००००० | १०१३६६२३ | ९८६३३७७ |

## १२ बजेट तथा कार्यक्रम

१२.१ **नीति तथा कार्यक्रम कार्यान्वयन-**पालिकाको २०८१।८२ को नीति तथा कार्यक्रममा गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख तयार गरी त्यस्ता जग्गाहरुको संरक्षण गरिने, स्थानीय संभाव्यताका आधारमा औषधीजन्य जडीबुटीको व्यावसायिक खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रम अगाडी बढाइने, नकुहिने फोहरको दीगो व्यवस्थापनका लागि उपयुक्त स्थल पहिचान गर्न सम्भाव्यता अध्ययन गर्न संभाव्यता अध्ययन गरिने र गाउँपालिकालाई प्लाष्टिक मुक्त बनाउन अभियान सञ्चालन गरी फोहरमैला व्यवस्थापन गरिने, लिखु गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना र मध्यकालीन खर्च संरचना चालु आर्थिक बर्षमा लागु गरिने, सामुदायिक वन कबुलियती वन र राष्ट्रिय वनमा भुई घाँस डाले घाँस र फलफुलजन्य बिरुवाहरु रोपी हरियाली प्रवर्द्धन गरिने,गाउँपालिकाभित्रका रहेका सबै पर्यटकीय स्थलहरुको खोजी गरी संरक्षण सम्बर्द्धन विकास प्रचार प्रसार गर्ने कार्यक्रम तथा योजना अगाडी बढाइने र पर्यटन प्रवर्द्धन गर्न होम स्टे सञ्चालन गर्ने नीति लिइने उल्लेख भएकोमा उक्त नीति तथा कार्यक्रमलाई सम्बोधन गर्न बजेट तथा कार्यक्रममा समावेश गरेको छैन । नीति तथा कार्यक्रममा समावेश भएका विषयलाई बजेट तथा नीति कार्यक्रममार्फत कार्यान्वयन गर्नुपर्दछ।

१२.२ **बजेट पेश तथा अख्तियारी**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८१।३।९ गते रु.४४ करोड ७९ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । यसैगरी स्थानीयतहका प्रमुखले २०८१।०४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

१२.३ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | कुल खर्चको तुलनामा खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,७८,०७,०००.०० | २०३९९८८३.०० | ५.८३ |
| २ | सामाजिक विकास | १६,७६,३४,५००.०० | १४३६७२१६४.३९ | ४१.०८ |
| ३ | पूर्वाधार विकास | १०,७९,१५,१५०.०० | ७१९५७७१७.०० | २०.५८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,५५,८०,०००.०० | १९९२८०८१.०० | ५.७० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,००,५७,०००.०० | ९३७७३१४९.५६ | २६.८१ |
| कुल जम्मा | | ४४,८९,९३,६५०.०० | ३४९७३०९९४.९५ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.८३ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४१.०८ प्रतिशत, पूर्वाधारतर्फ २०.५८ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ५.७० प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २६.८१ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ५.८३ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको २६.८१प्रतिशत गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।

१२.४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्च देहाय बमोजिम रहेको देखिन्छ।

| पूँजीगत खर्च | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक | असारको मात्र खर्च |
| | ११७८४६३०७ | ८०००००० | १५८२१२२५ | १५४३५७४५ | ७८५८९३३९ | ५०३७९८१२ |
| खर्च प्रतिशत | १०० | ६.८ | १३.४ | १३.१ | ६६.७ | ४२.७ |

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम चौमासिकगतरुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ६६.७ प्रतिशत गरेको छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप समयमै कार्य सम्पादन गरी वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२.५ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले साना पूर्वाधार योजना शिर्षक उल्लेख गरी रु ३८१५०००। अबण्डा राखेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२.६ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १७७०३००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१२.७ **योजना र कार्यान्वयन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजना अधिकांश सडक मर्मत तथा ग्याबिनको कार्यमा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| सि.न. | विवरण | योजना संख्या | जम्मा रकम |
|---|---|---|---|
| १ | रु ५ लाखभन्दा कमका योजनाहरु | १७६ | ३२४११००० |
| २ | रु पाँच लाख देखी बीसलाख सम्मको योजनाहरु | २३ | १६९८७००० |
| ३ | रु २० लाख भन्दा माथिका योजनाहरु | ११ | ६१५००००० |
| जम्मा | | | |

## १३ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार संन्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ राजश्व क्षमता खर्चको आधार र स्थानीय आबस्यकता समेत ध्यानमा राखि कर्मचारी व्यवस्थापन भएपछिमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । यस पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११५ जनाको दरबन्दी स्वीकृत रहेकोमा ९९ जनाको पदपूर्ति भएको र २ पद पदपूर्तिको प्रकियामा रहेको देखिन्छ ।

## १४ आयोजना बैंक

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वियनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वियन गरिनुपर्दछ।

## १५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र 25 वटा सहकारी संस्था रहेका छन् । पालिका भित्ररहेका सहकारी संस्थाहरुले एकीकृत सूचना

व्यवस्थापन प्रणाली (COPOMIS) बाट 5 वटा सहकारीले विवरण दाखिला गरेपनि अन्य २0 वटा सहकारीले भने विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१६ **विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीयतहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले लिखु गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ जारी गरेको छ ।यो बर्ष समितिको बैठक २०८१।४।६ मा एक बर्षमा एकपटक मात्र बसेको देखिन्छ।

१६.१ **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

१६.२ **वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन ।ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१७ **आर्थिक कारोबारको लेखाङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ।

१८ **खरिद तथा ठेक्का अभिलेख**

१८.१ **खरिद कारवाहीको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सो फाइलमा उपदफा २ बमोजिमका कागजपत्र सिलसेलावार रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले नियममा उल्लेख भए बमोजिमको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छ छैन । यसमा सुधार हुनुपर्दछ।

१८.२ **खरिद योजना**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले नियममा व्यवस्था भए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गरेको छैन। बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिदलाई व्यवस्थित गर्नुपर्दछ।

## १९ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको ९ मुद्दा जिम्मेवारी सरेकोमा यो बर्ष २५ मुद्दा थप भई २९ मुद्दा फर्स्यौट भएकोमा ५ मुद्दा बाँकी रहेको छ।पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## २० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेक्षण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नमिल्ने व्यवस्था छ।पालिकाले सुपरभाइजर सडक हेरालु मनोसामाजिक परामर्श जस्ता पदमा कर्मचारी भर्ना गरी रु १६४०४७२। खर्च थप व्ययभार परेको छ।स्वीकृत दरबन्दी वेगरको पदमा नियुक्त गरेको नियम सम्वत नदेखिएको रु.

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | ६ सडक सुपरभाइजर र ९ सडक हेरालु | ८७२५३२ | स्वीकृत दरबन्दी वेगरको पदमा नियुक्त गरेको |
| २ | सुरक्षित आप्रवासन रिटर्नी स्वयंसेवक २जना | ७६७९४० | मनोसामाजिक परामर्श, वित्तीय साक्षरता सहजकर्तार रिटर्नी स्वयम् सेवालाई अनुदान उपलब्ध गराउँदै आएकोमा हाल रिटर्नी स्वयम् सेवकका लागि अनुदान उपलब्ध नगराई पालिका स्वयंमले बेहोर्नुपर्ने उल्लेख गरेको |
| | जम्मा | १६४०४७२ | |

| अनियमित भएको | १६,४०,४७२ |
|---|---|

## २१ पदाधिकारी सुविधा

स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी सुविधापत रु. ४९२६०००। सुविधा भुक्तानी दिएको छ। यो बर्षको आन्तरिक आय रु ७०९५८०३।७५ को तुलनामा ६९.४२ हुन आउँछ ।

## २२ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी विवरण तयार गरेको छैन । तोकिए बमोजिम खर्चको विवरण तयार गरेर सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ।

## २३ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने व्यवस्था रहेको छ । यस बर्ष पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन जिन्सी निरिक्षण प्रतिवेदन नहुदा पालिकाको जिन्सी सम्पत्ती के कति र कुन अवस्थामा छ एकिन गर्न सकिएन । सार्वजनिक सम्पत्तिको यथोचित अभिलेख, संरक्षण तथा उपयोग हुने गरी जिन्सी व्यवस्थापन गरिनुपर्दछ।

२४ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा पालिकाको के कति सवारी साधनको कति पटक मर्मत गरेको हो सो को विवरण उल्लेख नगरी म.ले.प.फा.नं. ४१५ तयार नगरी रु.३१७४७७०। खर्च लेखेको छ । उक्त खर्चमध्ये कार्यपालिकाले निर्णय गरी देहाय अनुसार अन्यत्र कार्यालयको सवारीसाधन मर्मत खर्च लेखेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

| गोभौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| १३५।२०८१।९।४ | जिल्ला समन्वय समितिको सवारी मर्मत | २००००० |
| ३५९।२०८२।२।२२ | जिल्ला समन्वय समितिको सवारी मर्मत | ९८१७६ |
| | | २९८१७६ |

पालिकाले अन्य कार्यालयको सवारी साधन मर्मत गरी भुक्तानी दिएको कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९८,१७६ |

२५ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले यो बर्ष इन्धनमा रु ३२२३९१८।३५ खर्च गरेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । पालिकामा ४ पाङ्ग्रे ४ र २ पाङ्ग्रे २० वटा सवारी साधन रहेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीबाट देखिन्छ । इन्धन खर्चलाई मितव्ययी बनाउन लगवुकको प्रयोग गर्ने तथा मापदण्डको सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

| क्र.सं. | गो. भौ. न. | मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३६ | ०६/१४/२०८१ | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | ६,९६,५२९.०० |
| २ | १३९ | ०९/०९/२०८१ | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | ६,१०,५४०.०० |
| ३ | २०२ | ११/१२/२०८१ | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | ६,१७,७३०.०० |
| ४ | २५६ | १२/१३/२०८१ | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | ३,१७,३८७.०० |
| ५ | ३३६ | ०१/३०/२०८२ | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | ४,१६,२५६.२९ |
| ६ | ३८८ | २०८२/०२/३० | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | २,६४,६९७.०६ |
| ७ | ५०७ | ०३/२४/२०८२ | पञ्चकन्या आयल स्टोर्सलाई भुक्तानी | ३,००,७७९.०० |
| जम्मा | | | | ३२,२३,९१८.३५ |

२६ **सवारी साधन खरिद**

सवारी साधन खरिदसार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ को दफा १३ को उपदफा ३ मा आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकोमा बाहेक अन्य अवस्थामा चारपाङ्ग्रे सवारी साधन खरिद नगर्ने र मौजुदा सवारी साधन मितव्ययी ढङ्गले मर्मत गरी उपयोग गर्नुपर्ने उल्लेख छ।गाउँपालिका चालू गो भौ नं ८२।२०८१।७।१३ बाट स्पीड

अटो इन्टरप्राइजेज बाट रु ४०५५००। को मोटरसाइकल र गो भौ नं ९।२०८१।१०।२४ बाट अग्री इन्कर्पोरेट प्रालिबाट रु ३१९००००। को बोलेरो गाडी समेत रु ३५९५५०० को सवारी साधान खरिद गरेको छ । मापदण्डको पालना हुनुपर्दछ ।

२७ **पाइप खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा खरिदको विकल्प, खरिद आवश्यकता, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले पाइप खरिद गर्दा पाइप जडान हुने योजनाहरुको पहिचान नगरी व्यक्तिगत मागको आधारमा खरिद गरेको छ । लाभग्राही पहिचानको आधार तथा औचित्य पुष्टी हुने गरेर मात्र पाइप खरिद गरी सोको दिगो उपयोगिताको सुनिश्चितता गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| **गोश्वारा भौचर र मिति** | **फर्मको नाम** | **पाइप परिमाण** | **रकम** |
|---|---|---|---|
| २४१-२०८२।३।२५ | नारायणी इन्टरप्राइजेज | ९०० मिटर | ९८४९०। |
| २४२-२०८२।३।२५ | विग्स हार्डवेयर एण्ड जनरल सप्लायर्स | १८२० मिटर | २४३००१। |

२८ **खानेपानीको गुणस्तर जाँच**

कार्यालयले भुमिगत जलश्रोत उपयोगका लागि वडा नम्बर १ देखी ६ सम्म यस बर्ष ६ वटा इनार निर्माण कार्यमा रु.७,५५,४६०। खर्च गरेकोमा इनारको पानी पिउन योग्य भए नभएको सोको गुणस्तर जाँच गरेको छैन । प्रत्यक्ष जनस्वास्थ्यसँग सम्बन्धित यस्ता योजनाहरुको गुणस्तर परिक्षण गरी सञ्चालनमा ल्याउनुपर्दछ।

२९ **धरौटी कट्टी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) बमोजिम रकम भुक्तानी गर्दा धरौटी वापत विल विजकमा उल्लेखित रकमको पाँच प्रतिशत कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण व्यवसायीहरुसंग भएको सम्झौताको सर्तमा धरौटी कट्टा गर्ने गरी सम्झौता भएकोमा धरौटी कट्टी वेगर नै भुक्तानी गरेको छ ।धरौटि कट्टाको प्रमाण पेश गर्नु पर्ने देखिएको रु.

| गो.भौ.नं. मिति | कार्य विवरण | फर्मको नाम | भुक्तानी रकम | धरौटी रकम |
|---|---|---|---|---|
| १२७-२०८२।२। २० | गुर्वाचार्य बाटो देखी चौखुडा हुदै गाउँपालिका कार्यालय जाने सडक मर्मत | जय खापर निर्माण सेवा | ९०७८०४ | ४५३९० |
| १३७-२०८२।२। २७ | आर्यूवेद कार्यालयको रंगरोगन तथा मर्मत | जलदेवी निर्माण सेवा | ६७४९९३ | ३३७५० |
| २२९-२०८२।३। २३ | मिरमिरे चौतारा सिसौ बोट गैरी गाउँ सडक ग्रावेल गर्ने कार्य वडा नं४ | आर.एन मेगा कन्स्ट्रक्सन प्रा.ली | ८३७५२२ | ४१८४६ |
| २३४-२०८२।३। २४ | पुरानो गाउँपालिका भवन मर्मत तथा बाटो व्यवस्थापन | हिम स्टार कन्स्ट्रक्सन | ४६४३२७ | २३२१६ |
| २३८-२०८२।३। २४ | खानी खहरे नियन्त्रण कार्य तथा बाह्रविसे बस्ति संरक्षण कार्य | कपिलेश्वर निर्माण सेवा | ८३३२२६ | ४१६६१ |
| | जम्मा | | | १८५८६३ |
| | | | प्रमाण पेश नगरेको | १,८५,८६३ |

३० **उपभोक्ता समिती मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न १९६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ६६०२१०००। भुक्तानी गरेको छ ।यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन् ।

३०.१

- उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको,
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको,
- उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/ गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन
- यो वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा नक्सा पेश गरेको देखिएन
- पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने ,र त्यसको लेखापरीक्षण गराउनुपर्ने,उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन ।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

३०.२ **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माणका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कार्यालयले निम्नानुसारका भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउंदा सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । त्यस्तै सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने, कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ। अत: यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २०-२०८२।३।८ | सत्यबचन पर्मेश्वरी मार्ग दर्शन पुर्वाधार निर्माण लिखु ५ | भवन निर्माण | १७२८००००।- |
| ७५-२०८२।१।७ | पट्टावारी युवाकल्व उ.स | युवाक्लब भवन निर्माण | ४८०००० |
| १४४-२०८२।२।३० | सितलपाटी प्रतिक्षालय निर्माण लिखु ५ उ.स | प्रतिक्षालय भवन निर्माण कार्य | ३८४००० |
| १७७-२०८२।३।१७ | गड्खार पुल नजिकको प्रतिक्षालय तथा शौचालय निर्माण उ.स | प्रतिक्षालय तथा शौचालय निर्माण | ९६०००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३०.३ **आनुपातीक कट्टी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको जनसहभागिताको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ।

कार्यालयले निम्न उपभोक्ता समितिलाई देहाय अनुसार भुक्तानी गर्दा जम्मा कार्य सम्पादन मूल्याङ्कनबाट उपभोक्ता समितिको जनसहभागिताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेकोले बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं.मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिका अध्यक्ष र सचिवको नाम | जम्मा लागत अनुमान | जन श्रमदान | कार्यालयले व्यहोर्ने अंश | कार्यसम्पन्न प्रतिवेदन अनुसारको जम्मा रकम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| १३४-२०८२।२।२६ | अमिलेबोटे शेरा मुहानघाट जाने गोरेटो बाटो स्तरउन्नती | अध्यक्ष केदार बहादुर न्यौपाने र सचिब रविन श्रेष्ठ | ४३६८९०.५ | ५२८९०.५ | ३८४००० | ४३०६१६ | ३७८४८५ | ३८४००० | ५५१५ |
| १६७-२०८२।३।११ | महादेव खोला कुलो बगर सिचाइ उ.स | अध्यक्ष सुरेन्द्र बहादुर घले र सचिव कुशल घले | २१३४७७ | २१४७७ | १९२००० | १९८०५९ | १७८१३३ | १९२००० | १३८६७ |
| २१८-२०८२।३।२२ | रानीभार बस्ती चेक ड्याम निर्माण लिखु-४ | अध्यक्ष राजेश राई र सचिव झंक ब.राई | ७५७३५५.७ | ९०३५५.७ | ६७२००० | ७३०४२१ | ६४८१०१ | ६७२००० | २३८९९ |
| १५, ५३-२०८२।३।२४ | सहिद स्मृति केन्द्र लिखु संस्था पार्क तथा भवन निर्माण फर्सीडाँडा लिखु ५ | अध्यक्ष रोशन भण्डारी र सचिव लक्ष्मीदेवी श्रेष्ठ | ८४०००९१ | ८८२००९ | ७५१८०८२ | ८३४१४३४ | ७४६५५८४ | ८०४११४२ | ५७५५५८ |
| २०-२०८२।३।१२ | बगर बजार पाउदुरे धमला गाउँ जोड्ने सडक स्तरोन्नती उ.स | अध्यक्ष सुदिप घले र सचिव हरिशरण ढकाल | २७३५८८० | ३१०८८० | २४००००० | २७१८०६७ | २३८४३७४ | २४००००० | १५६२६ |
| जम्मा | | | | | | | | | ६३४४६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३४,४६५ |

३०.४ **बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, वील, भरपाई, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता हुँदा सोही व्यहोराको शर्त उल्लेख गरी सम्झौता गरेको छ। उपभोक्ता समितिले पेश गरेका बिल भरपाईको आधारम मूल्य अभिबृद्धि कर भुक्तानी गर्नुपर्नेमा उपभोक्ताले तिरेको मूल्य अभिबृद्धि कर भन्दा बढी भुक्तानी भएको देखिँदा उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं.मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिका अध्यक्ष र सचिवको नाम | खरिद भएको सामाग्री | भुक्तानी दर | बजार खरिद दर | फरक दर | कार्य सम्पन्न अनुसार जम्मा कार्य परिमाण | भुक्तानी रकम | मू.अ.कर बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संघिय सरकार पूँजीगत | | | | | | | | | | |
| २०-२०८२।३।८ | सत्यवचन प्रमेश्वरी मार्ग दर्शन पूर्वाधार निर्माण लिखु-५ | अध्यक्ष बद्रि भट्टराई र सचिव बलराम गौतम | आजिवन हितकर सप्लायर्सबाट इट्टा खरिद | १४.०५ | ८ | ६.१ | २५४०२ | १५३६८२ | १९९७९ | |
| १५, ५३-२०८२।३।२४ | सहिद स्मृति केन्द्र लिखु संस्था पार्क तथा भवन निर्माण फर्सीडाँडा लिखु ५ | अध्यक्ष रोशन भण्डारी र सचिव लक्ष्मीदेवी श्रेष्ठ | छहरे हाडवेयर लगायत ३ फर्मबाट डण्डी खरिद | ९४ | ९० | ४. | ८०८५ | ३२३४० | ४२०४ | |
| | | | छहरे हाडवेयर लगायत ३ फर्मबाट डण्डी खरिद | ९४ | ० | ९४. | ११५ | १०८१० | १४०५ | कम खरिद भएकोमा मू.अ.कर भुक्तानी |
| | | | भैरवि माई इट्टा उद्योग प्रा.लीबाट इटा खरिद | १४.०५ | ११ | ३.४ | ३३२९२ | ११४१९२ | १४८४५ | |
| | | | भैरवि माई इट्टा उद्योग प्रा.लीबाट इटा खरिद | १४.०५ | ० | 14.05 | १४४२ | २०२६० | २६३४ | कम खरिद भएकोमा मू.अ.कर भुक्तानी |
| प्रदेश पुँजिगत | | | | | | | | | | |
| १६-२०८२।२।१८ | चौखुडा फाँट सिचाई उ.स | अध्यक्ष निरोज राई र सचिव विमल राई | एस आई सप्लायर्सबाट ६८७ वर्ग मिटर जाली खरिद | २७० | २१५ | 55 | ६८७ | ३७७८५ | ४९१२ | |
| | चौखुडा फाँट सिचाई उ.स | अध्यक्ष निरोज राई र सचिव विमल राई | राधाकृष्ण सप्लायर्सबाट रड खरिद | ९४ | ८१ | 13 | ६६९० | ८६९६६ | ११३०६ | |
| | चौखुडा फाँट सिचाई उ.स | अध्यक्ष निरोज राई र सचिव विमल राई | राधाकृष्ण सप्लायर्सबाट रड खरिद | ९४ | ८१ | 13 | ६६९० | ८६९६६ | ११३०६ | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | | | | | | ७०५९१ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रु **४,०९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ७०,५९१ |
|---|---|

३०.५ **पाइप घटी जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम प्राविधिक नापजाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । देहायका योजनाहरुमा नापी लुज सिट परीक्षण गर्दा विभिन्न मूल्यको पाइप खरिद भएकोमा सो भन्दा न्युन मात्र जडान भएको देखिएको छ। जडान नभइ प्रयोगमा नआए बराबरको पाइपको भुक्तानी गर्न नमिल्ने देखिँदा उक्त रकम असुल हुनुपर्ने रु

| गो.भौ.नं. मिति | योजनाको नाम | पाइप प्रकार | खरिद मिटर | योजनामा जडान परिमाण | बाँकी पाइप | औषत दर | रकम |
|---|---|---|---|---|---|---|---|
| ६८-२०८१।१२।२७ | धार खोला मुहान हुदै राजकुमार ऐर गजुरेल टोल खा.पा निर्माण उ.स | ३२mm | ४५० | ५०० | १०० | ८७।८३ | ८७८३ |
| | | २५mm | १५० | | | | |

| असुल गर्नुपर्ने | ८,७८३ |
|---|---|

३१ **नाफामूलक संस्थालाई अनुदान**

संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्नमा सो विपरित नाफा कमाउने उद्देश्यले स्थापित निम्न सहकारीहरुलाई रु.६,८८,०००।- अनुदान खर्च लेखेको छ। सहकारीको संचालन मोडल तथा कृषकहरुले प्राप्त गर्ने लाभ यकिन नगरी नाफामूलक व्यवसाय सञ्चालन गर्ने संस्थालाई अनुदान दिन नमिल्नेमा मर्मत संभार कार्यको लागि भुक्तानी गर्नु उपयुक्त देखिँदैन।

| **गो.भौ.नं. मिति** | **अनुदान पाउने संस्थाको नाम** | **प्रयोजन** | **अनुदान रकम** |
|---|---|---|---|
| ३९-२०८१।११।२५ | बागबानी सहकारी भवन निर्माण उ.स | मर्मत सम्भार | ४०००००। |
| १८६-२०८२।३।१८ | पशुपतिनाथ कृषि सहकारी संस्था भवन संरक्षण लिखु ६ | मर्मत सम्भार | २८८०००। |

३२ **आन्तरिक आय तर्फ**

३२.१ **कर संकलन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको तिन वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आर्थिक बर्ष | राजश्व अनुमान | राजश्व असुली | असुली प्रतिशत |
|---|---|---|---|
| २०८१।८२ | ४९,५०,००० | ७०,९५,८०३.७५ | १४३.३४ |
| २०८०।८१ | १२८५०००० | ७६,९८,६९१.०९ | ५९.९१ |
| २०७९।८० | ४०००००० | ७९,५२,८१४.५४ | १९८.२८ |

उपरोक्त विवरण अनुसार आ.व २०७९।८० मा १९८.२८ प्रतिशत तथा आ.व २०८०।८१ मा ५९.९१ प्रतिशत अनुमानित आयको राजश्व संकलन गरेकोमा यस वर्ष भने अनुमानको तुलनामा १४३.३४ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ।पालिकाले राजश्व अनुमान तथा प्रक्षेपण लाई विश्वश्नीय तथा बैज्ञानिक बनाउदै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ। साथै पालिकाको सुत्र सफ्टवेयरको प्रतिवेदन अनुसार रु ७०९५८०३.७५ आन्तरिक

आय असुली गरेको देखिन्छ तर राजस्व संकलन गर्ने कार्यालय अनुसार ६ वडा र पालिका समेतबाट यो बर्ष रु ७५०१८२२। संकलन भएको विवरण देखिन्छ । यसरी एकै सफ्टवेयरमा फरक फरक संकलन रकम देखाउँदा वास्तविक राजस्व संकलन कति हो भनी एकिन गर्न सकिएन । आन्तरिक राजस्व खातातर्फको बैक मौज्दात अनुसार गत बर्षको राजस्व अ ल्या रु २४३५७८०.०२ घटाउँदा यो बर्षको संकलन रु ७९८९२९६.९ हुने देखिन्छ । यसरी सुत्र सफ्टवेयरमा फरक फरक मौज्दात देखिएको र बैक मौज्दातसँग भिडान नभएकोले पालिकाले यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३२.२ **उठन बाँकी कर**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर पालिकाले आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ ।पालिकाले राखेको विवरण अनुसार गत बर्ष २४२ व्यवसायबाट रु ९००५००।व्यवसाय कर असुल गर्न बाँकी रहेकोमा ४१ करदाताबाट रु १२६५००। मात्र असुल भएको र २०१ करदाताबाट व्यवसाय कर असुल हुन बाँकी रहेको देखिन्छ । यो बर्ष समेत अधिकाँश करदाताबाट व्यवसाय कर संकलन भएको देखिएन।उठ्न बाँकी रकम असुल गर्न तरताकेता गर्ने र निरन्तर अनुगमन गरी गाउँपालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

३२.३ **व्यवसाय कर**- गाउँपालिकाको आर्थिक ऐन २०८१।८२ मा पालिका अन्तर्गत सञ्चालित व्यवसायको बार्षिक दर्ता र नवीकरण शुल्कको दर उल्लेख गरेको छ । पालिका अन्तर्गत सञ्चालनमा रहेका संस्थागत विद्यालय एवं पालिकासँग सम्झौता गरी कारोबार गरेका उपभोक्ता समितिले पेश गरेको विजक अनुरुप देहायका संस्था /फर्म/ विद्यालयबाट तोकिए बमोजिमको व्यावसाय कर उठाएको नदेखिँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| नीजि विद्यालय तर्फको नवीकरण | | |
|---|---|---|
| **क्र.सं.** | **विद्यालयको नाम** | **नवीकरण शुल्क रू.** |
| १ | पब्लिक भिजन आ.वि. लिखु-०५ | १२५० |
| २ | श्री वेस्टर्न बोर्डिङ स्कुल आ.वि. लिखु-०१ | १२५० |
| ३ | श्री ज्योतीकुञ्ज एकेडेमी मा.वी. लिखु-०६ | १५०० |
| जम्मा | | ८५०० |
| **क्रसर उद्योगतर्फ** | | |
| क्र.स. | संस्थाको नाम | वुझाउनुपर्ने रकम रु. |
| १ | तादी मेट्रोरोल क्रसर उद्योग | १००००० |
| | कुल जम्मा रु | १०४००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,००० |

३२.४

**सामुदायिक वनको आय**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष सो बापत कुनै आय प्राप्त गरेको देखिएन। डिभिजन वन कार्यालय नुवाकोटबाट प्राप्त विवरण अनुसार यस बर्ष यस पालिका भित्रका देहाय बमोजिमका उपभोक्ता समितिबाट भएको खोटो संकलन र बिक्री बापतको १० प्रतिशतले हुने रु 14154। असुल हुनुपर्ने रु

| सि.नं. | समुहको नाम | ठेगाना | टिन संख्या परिमाण | परिमाण के.जी | समुहमाजम्मा भएको रकम | १० प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | क्षेत्रपालसा.व.उ.स. | लिखु गा.पा२ | 674 | 11795 | 141540 | 14154 |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **१०,८३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १४,१५४ |
|---|---|

३२.५ **नदीजन्य पदार्थ उत्खनन्** - ठेक्का नं. ०१/आन्तरिक आय/२०८१ २०८२ लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिखु नदीहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट बुश, आदि नदीजन्य पदार्थहरु संकलन र विक्रीको लागि प्रति क्यु फिट रु ९।०० का दरले २८८७४७३.०५२ (क्यु फिट) उत्खनन् परिमाण रु २५९८७२५७।४७ तथा अन्य बस्तु विभिन्न १३ प्रकारका ब्लक, पानी माटो इटा लगायतको सामाग्रीको निकासी करको रु २००००००। समेत रु २७९८७२५७।४७ को न्युनतम मूल्याङ्कन कायम गरी २०८१।२।३० मा बोलपत्र आव्हान गरेकोमा निरञ्जना कन्स्ट्रक्सन, लिखु, नुवाकोटले पेश गरेको बोलपत्रमा कवोल अंक मू.अ.क बाहेक रु २,८०,११,१११।०० र (मु.अ.कर सहित रु ३,१६,५२,५५५।४३ ) मा पालिका र कन्स्ट्रक्सन बीच २०८१। ४।७ मा भएको देखिन्छ । बागमती प्रदेश आर्थिक ऐन,२०८१ अनुसार ढुङ्गा चुनढुङ्गा खरिढुङ्गा गिट्टी ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानिक्षेत्र बाहेकमा) प्रति घन फिट शुल्क दर रु ७ (सात) कायम भएको हुदाँ लिखु गाउँपालिकाको २०८१/०४/०७ को निर्णय अनुसार बागमती प्रदेश आर्थिक ऐन,२०८१ अनुसारको आय सङ्कलन गर्न गाउँपालिकाबाट निर्धारण भएको साधारण निर्माणमुखी नदीजन्य पदार्थमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क, दस्तुर थप गरी लिने नपाउने र लिखु गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्न नमिल्ने तथा अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही हुने प्रावधान उल्लेख गरी सम्झौता गरेको छ । साथै साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र विक्री वितरण गर्ने शर्तहरु सम्बन्धी बुँदा नं १५ मा तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाइने उल्लेख छ । सम्झौता अवधिमा के कति परिमाणको नदीजन्य पदार्थ उत्खन्न गरेको सो हो खुल्ने विवरण राखेको देखिएन । सम्झौता अनुरुप २८८७४७३.०५२ (क्यु फिट) कै परिमाणभित्र रही नदीजन्य पदार्थ उत्खन्न गरेको विवरण पेश नगरेकोले के कति परिमाण उत्खन्न भएको भनी यकिन गर्न सक्ने देखिँदैन । सम्झौताको शर्त भित्रको परिमाण उत्खन्न भएको प्रमाण खुल्ने अभिलेख राख्नुपर्दछ ।

३२.६ **लिज आय** - गाउँपालिका र लेकाली एकिकृत कृषि फार्म प्राइभेट लिमिटेड, बीच २०७९।६।७ मा भएको सम्झौता अनुरुप लिखु गा.पा वडा न ४ (साविक चौघडा गाविस) को किन ८०४, ५८३, ५५४, ५५३, ५५५ र ५५८ को करिब ५४ रोपनी जग्गा मध्ये ४० रोपनी जग्गा लिखु गाउँपालिका, गाउँकार्यपालिकाले सामुहिक कृषि गर्नको लागि लिजमा जग्गा उपलब्ध गराउने र सो जग्गा उपभोग गरे बापत उक्त प्रालिले वार्षिक प्रति रोपनी रु ८०००/-का दरले पालिकालाई जग्गा भाडा तिर्नुपर्ने उल्लेख छ । सम्झौताको शर्त अनुसार बार्षिक भाडाको ५० (पचास) प्रतिशतले हुन आउने रकम ६/६ महिनामा उपलब्ध गराउनुपर्ने र आर्थिक बर्षको अन्त्यसम्ममा जग्गा भाडा नबुझाएमा वार्षिक १० प्रतिशतका दरले जरिवाना लाग्ने व्यवस्था गरेको छ । साथै सम्झौताको शर्त नं ४ मा उल्लिखित जग्गाको भाडा रकम प्रत्येक २ वर्ष पाँच प्रतिशतका दरले स्वत बृद्धि गरिने उल्लेख छ । उक्त प्रालिले गत वर्षमा सम्झौताअनुसार बुझाउनुपर्ने रकम

नबुझाएको एवं यस बर्षसमेत सम्झौताको शर्त अनुरुप राजस्व बुझाएको नदेखिएकोले ५ प्रतिशत बृद्धिदरका हिसाबले गणना गरी हुन आउने रकम रु ३३६००००। र सोमा हुने जरिवाना समेत गणना गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३६,००० |

३३ **कृषि तथा पशुतर्फ**

३३.१ **बाली प्रवर्द्धन कार्यक्रम-** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधी ,२०८१ को बुदा नं.२४ मा रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत कोदो, कागुनो, चिनो, जौ, फापर, उवा, मकै, जुनेलो लगायतका बालीहरुलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गर्ने तथा यसका लागि कृषक, कृषक समूह, कृषि सहकारी, मार्फत लक्षित समूह छनोट गरी विउ किट तथा मेशिनरी तथा उपकरण सहयोग बापत ५० प्रतिशत अनुदानमा प्रविधि उपलब्ध गराउने उल्लेख छ। पालिकाले यस बर्ष कोदो बालीको बिउ१६५ के.जी. तथा मेशिनरी तथा उपकरण सहयोग वापत डिजिटल काँटा ३, ईलेक्ट्रिक स्प्रेयर १८, कोदो चुट्ने मेसिन २ पेट्रोल मिनीटिलर २६ कोदालो १५ जस्ता सामाग्री विभिन्न सहकारी कृषक समुहलाई वितरण गरेको छः

| क्र स | कार्यक्रम | अनुदान प्राप्त गर्ने संस्था | रकम व्यहोर्ने स्रोत | विनीयोजन | खर्च रकम | लागत सहभागिता |
|---|---|---|---|---|---|---|
| १ | कोदो को किट विउ तथा मेशिनरी उपकरण सहयोग | थानसिङ कृषि सहकारी संस्था लि | प्रदेश सरकार सशर्त अनुदान | ५००००० | ४९९४०० | ५०% |
| २ | मकै वाली प्रर्वद्धन कार्यक्रम अन्तर्गत मेशिनरी उपकरण सहयोग | जालपादेवी कृषक समुह, शितलादेवी कृषि सहकारी संस्था, सेतीदेवी कृषक समुह | संघिय सशर्त अनुदान | ७००००० | २२७३०० | ५०% |

- पालिकाले रैथाने बाली प्रवर्द्धन अन्तर्गत कोदोको बिउ १६५ केजी विभिन्न कृषि संस्थामा आवद्ध वितरण गरेकोमा कृषकहरुको खेतियोग्य जमिनको क्षेत्रफल निर्धारण गरी प्रति वर्गमिटरको लागि आवश्यक विउको मात्रा निर्धारण गरेको छैन ।
- कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन।
- पालिकाले वितरित वाली तथा वस्तुले उत्पादनमा पारेको प्रगति, सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गरेको पाइएन।

३३.२ **अनुदानको अनुगमन-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले अनुदान सम्बन्धी नीति तर्जुमा गरे वेगर नै देहायअनुसार विभिन्न व्यक्ति तथा समूहलाई अनुदानमा खर्च लेखेको छ। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानको रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| क्रस | गोश्वराभौचरन / मिति | कार्यक्रमकोनाम | समुहकोनाम | भुक्तानीरकम |
|---|---|---|---|---|
| १ | २६४।२०८२।३।२१ | बाख्रा पकेट विकास कार्यक्रम | श्री जालपा देवी साना कृषि सहकारी संस्था लिमिटेड | ५६९६५६ |
| २ | ५२०।२०८२।३।२४ | किन्तु राई पेश्की | चिनजान मिट मार्ट स्तरोन्नति | ३००००० |
| ३ | ५।२०८२।२।३० | मिना घले | अनुदान | १५०००० |

३३.३ **बाख्रा पकेट कार्यक्रम-** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्वयन म्यानुअलको परिच्छेद ४ मा पकेट क्षेत्र निर्माणका लागि अनुसुची ८ बमोजिमको मापदण्डको आधारमा मुल्याङ्कन गरी प्राविधिक समितिले दिएको प्रतिवेदन बमोजिम स्थानीयतहले वाली वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरी पकेट विकास कार्यक्रम संचालन गर्न स्वीकृत दिने व्यवस्था गरेको छ।पालिकाले यस बर्ष

रु.१५००००० विनियोजन गरी रु.१४६४७६३ खर्च गरी ९ वटा कृषि फर्म तथा कृषि सहकारीलाई ५० प्रतिशत अनुदानमा चापाकटर २ थान, ग्राडर मेशिन ३ थान, बोयर वोका ८, वाख्रा ६९ तथा खोर मर्मत ८ गरि जम्मा ६० लाभग्राहीलाई विभिन्न क्रियाकलापमा सहयोग गरेको छ ।स्रेस्ता परीक्षण गर्दा कार्यालयले उक्त समुहलाई निश्चित अवधि सम्म बोका तथा बाख्रा वेचविखन गर्न नमिल्ने कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। खरिद गरेका बोयरको स्वास्थ्य परिक्षण, बीमा र जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन।यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको बोयर खरिद भयो भनी खुल्ने देखिँदैन । उक्त पकेट क्षेत्र तथा प्रवर्द्धन कार्यको अनुगमन गरी जिविकोपार्जनमा सुधार भएको,उक्त कार्यक्रममा रकम खर्च भएको रकमको उद्देश्य मुताविक कार्य सम्पादन भए/ नभएको यकिन गरी अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्दछ।

## ३४ खाद्य गोदाम घर निर्माण

पालिकाले रु. २,५६,११,५२१। (मू.अ.कर र पि.एस सहित) लागत अनुमान रहेको १००० मेट्रिक टन क्षमताको खाद्य भण्डार निर्माण कार्यका लागि सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी विशाल एण्ड विराट कन्स्ट्रक्सन प्रा.लीसँग रु.२,५०,८८,३१५।( भ्याट र पि.एस सहित) मा मिति २०८०।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।३।२१ मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा तोकिएको समयमा कार्य सम्पन्न नभई तेश्रो पटक २०८२।२।३० सम्म म्याद थप भई यस बर्ष सम्म रु.१,८३,२५,४१२। को कार्य ७३.०४ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

## ३५ प्रदेश समपुरक अनुदान

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८०।१०।२ को पत्र अनुसार आ.ब २०८१।८२ मा बागमती प्रदेशका सबै स्थानीय तहहरुमा सञ्चालन हुने समपुरक योजनाहरुमा समपुरक आयोजना प्रस्तावको शर्त नम्बर ७ बमोजिम स्थानीय तहको बार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने उल्लेख छ। पालिकाले शेराको डिल बतासे चौतारा आयुर्वेद हुदै मकैचौर सडक स्तरोन्नती लिखु-६ कार्यलाई प्रदेश समपुरक योजनामा समावेश गरी आर.एन. मेगा कन्स्ट्रक्सन प्रा.लीसँग रु.१,२२,७३,४६२। मा र मिति २०८२।२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१ माघ २ मा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

३५.१ प्रगति - निर्माण व्यवसायीलाई यस बर्ष गो.भौ.नं. ३४-२०८२।३।२३ बाट रु.७३,५५,२४४। भुक्तानी भै ५९.५२ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । भौचर संलग्न विवरण परिक्षण गर्दा compaction original ground compacting original ground upto a level of 500 mm below the sub grade level १२००० वर्गमिटर तथा providing and laying crusher run macadam of a prepared surface spreading and compacting to form a layer of sub base १८०० वर्गमिटर कार्यहरु गर्न बाँकी देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार गर्नुपर्ने कार्य तोकिएको समयमा सम्पन्न भएको देखिएन। सो सम्बन्धमा कार्यालयसँग जानकारी माग गर्दा बर्षा र जग्गा विवादको कारण समयमा नै कार्य सम्पन्न हुन नसकेको र निर्माण व्यवसायीले म्याद थपको लागि मिति २०८२।२।९ मा निवेदन दिएको र कार्यालयले मिति २०८२।३।१८ मा सो निवेदन दर्ता गरेको देखियो । ठेक्का सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्य समयमा नै सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३५.२ खर्च अनुपात- प्रदेश सरकारसँग ५० प्रतिशत लागत साझेदारीमा सञ्चालित उक्त कार्यक्रममा कार्यालयले बागमती प्रदेश सरकारको रु.३९,८४,१२२। र स्थानीय सञ्चितकोषबाट रु.३३,७१,१२२। खर्च गरेको छ। प्रदेश सरकारसँगको लागत साझेदारी बमोजिम खर्च गर्नुपर्नेमा वागमती प्रदेश सरकारको रु.३,०६,५००। बढी खर्च लेखेकोले उक्त रकम प्रदेश सञ्चितकोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०६,५०० |

३५.३ बढी भुक्तानी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।प्राविधिकले तयार गरेको ठेक्का विल तथा निर्माण व्यवसायीले जारी गरेको कर बीजक बमोजिम कार्यालयले रु.७३,०५,२४३। खर्च लेख्नुपर्नेमा गो.भौ.नं. ३४-२०८२।३।२३ बाट

रु.७३,५५,२४४। खर्च लेखी निर्माण व्यवसायी आर.एन मेगा कन्स्ट्रक्सन प्रा.लीलाई रु.५०,००१। बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००१ |

३६ **१० शैया आधारभुत अस्पताल निर्माण**

पालिकाले रु. १२,६७,४४,०२०।७४। (मू.अ.कर र कन्टीजेन्सी सहित) लागत अनुमान रहेको १० शैया आधारभुत अस्पताल निर्माण कार्यको लागि सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी जय धनन्जय/बागेश्वरी जे.भी ले रु.९,०६,५५,४७६।( मूअकर र पि.एस सहित) मा मिति २०८१।१२।१० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७९।१२।१० मा सम्झौता भई निर्माण कार्य भएकोमा यस बर्ष सम्म रु.२,०६,५५,४७६। को मात्र कार्य भई रु.१,१९,६६,९००। भुक्तानी भएको छ। जस अनुसार ९.४४ प्रतिशत मात्र कार्य प्रगति भएको देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

३७ **विद्युतीय सडक वत्ति जडान**

समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०८१ को दफा ९(२) बमोजिम स्थानीय सरकारसँग सहलगानीमा सञ्चालित कुनै आयोजना वा कार्यक्रम कार्यान्वियनमा नेपाल सरकारले ५० प्रतिशत सम्म समपुरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ। पालिकाले मिति २०८१।१२।२१ को कार्यपालिका बैठकबाट संघिय समपुरक योजनाको ठेक्काबाट बचत रु.४८ लाखलाई विभिन्न योजना तथा कार्यक्रमहरुमा रकमान्तर तथा विनियोजन गरी खर्च गरेको देखियो। समपुरक अनुदानमा प्राप्त रकम अन्यत्र खर्च गर्न मिल्ने देखिँदैन । पालिकाले समपुरकतर्फको बचत रकम रकमान्तर गरी सडक बत्ती व्यवस्थापन कार्य भनी संघिय पूंजीगत शिर्षकको भौ.नं. २४-२०८२।३।१२ बाट रु. ६,२४,३९५।– खर्च लेखेको छ। बार्षिक कार्यक्रममा नभएको शिर्षकमा संघीय बजेटको मौज्दातबाट खर्च गरेको देखिँदा उक्त रकम संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२४,३९५ |

३८ **लिखु खोला नदी नियन्त्रण कार्य**

३८.१ पालिकाले रु.४९,१२,७७६। (मू.अ.कर र पि.एस सहित) लागत अनुमान रहेको लिखु खोला नदी नियन्त्रण कार्यका लागि सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी निरञ्जना कन्स्ट्रक्सन प्रा.लीसँग रु.२६,४८,१९६।( भ्याट र पि.एस सहित) मा मिति २०८२।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।९।२३ मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा रु.२६,३३,०७२। को मात्र कार्य ८४.८६ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार तोकिएको समयमा तोकिए बमोजिमका निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

३८.२ बढी भुक्तानी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।प्राविधिकले तयार गरेको ठेक्का विल तथा निर्माण व्यवसायीले जारी गरेको कर बीजक बमोजिम कार्यालयले रु.२६,३३,०७२। खर्च लेख्नुपर्नेमा कार्यालयले गो.भौ.नं.८-२०८१।१२।१२ बाट रु.१२,५०,०००।, गो.भौ.नं.११-२०८२।१।४ बाट रु.९,९७,१२०। र गो.भौ.नं.१८-२०८२।२।२७ बाट रु.३९८९५१ समेत रु.२६४६०७१। खर्च लेखी निर्माण व्यवसायी निरञ्जना कन्स्ट्रक्सनलाई रु.१२,९९९। बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने र त्यसैगरी प्राविधिकले तयार गरेको ठेक्का विल तथा निर्माण व्यवसायीले जारी गरेको कर बीजक बमोजिम कार्यालयले रु. ७३,६३,०७०। खर्च लेख्नुपर्नेमा कार्यालयले गो.भौ.नं.१४-२०८२।२।१३ बाट रु.३६,९९,०३५। र गो.भौ.नं.१३-२०८२।२।१३ बाट रु.३७,१४,०३५। समेत रु.७४,१३,०७०। खर्च लेखी निर्माण व्यवसायी निरञ्जना कन्स्ट्रक्सनलाई रु.५०,०००। बढी भुक्तानी गरेको समेत रु.६२,९९९। उक्त निर्माण व्यसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,९९९ |

३९ **समपुरक अनुदान**

समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०८१ को दफा ९(२) बमोजिम स्थानीय सरकारसँग सहलगानीमा सञ्चालित कुनै आयोजना वा कार्यक्रम कार्यान्वयनमा नेपाल सरकारले ५० प्रतिशत सम्म समपुरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ। पालिकाले राक्से खहरे भेडाचौर बमेभञ्याङ सडक लिखु-५ लाई संघिय समपुरक योजनामा समावेश गरी सुनिर एल.के.डी जे.भिसँग रु.१,१५,९०,८४४। मा र मिति २०८२।३।१० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१ बैसाख २ मा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

३९.१ **वित्तीय प्रगती-** निर्माण व्यवसायीलाई यस बर्ष गो.भौ.नं. ५०-२०८२।३।२४ बाट रु.३७,६४,५०७। भुक्तानी भै समग्रमा ३१.५५ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ । भौचर संलग्न भुक्तानीको विल परिक्षण गर्दा 0+700 मिटर सम्म २४४० वर्गमिटर सम्मको सडक मिलाउने र प्रिमिक्स सर्फेसिङ कार्य तथा ६१० मिटरमा २० एम.एम मोटाई सम्मको प्रिमिक्स कार्यहरु गर्न बाँकी देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार गर्नुपर्ने कार्य तोकिएको समयमा सम्पन्न भएको देखिएन। निर्माण व्यवसायीले म्याद थपको लागि मिति २०८२।२।१८ मा निवेदन दिएको र कार्यालयले सोही मितिमा सो निवेदन दर्ता गरेको देखियो । कार्यालयले चौथो त्रैमासिकमा मात्र ढिला गरी ठेक्का सम्झौता गरेबाट समयमा कार्य सम्पन्न हुन सकेको देखिएन। उल्लेखित शर्त बमोजिम तोकिएको कार्य समयमा नै सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३९.२ **खर्च अनुपात-** संघिय सरकारसँग ५० प्रतिशत लागत साझेदारीमा सञ्चालित उक्त कार्यक्रममा कार्यालयले संघीय सरकारको रु.३७,६४,५०७। खर्च गरेको छ। संघीय सरकारसँगको लागत साझेदारी बमोजिम जम्मा खर्चको ५० प्रतिशत संघीय सरकारको र ५० प्रतिशत स्थानीय तहको खर्च गर्नुपर्नेमा संघीय सरकारको मात्र खर्च लेखेकोले रु.१८,२८,४१९। संघिय सञ्चितकोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,२८,४१९ |

३९.३ **बढी भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।प्राविधिकले तयार गरेको ठेक्का विल तथा निर्माण व्यवसायीले जारी गरेको कर बीजक बमोजिम कार्यालयले रु.३६,५६,८३७। खर्च लेख्नुपर्नेमा गो.भौ.नं. ५०-२०८२।३।२४ बाट रु.३७,६४,५०७। खर्च लेखी निर्माण व्यवसायी सुनिर एल.केडी जे.भीलाई रु.१,०७,६७०। बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,६७० |

४० **आर्थिक सहायता वितरणः**

संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यस बर्ष अध्यक्षसँग जनता परीक्षण / उपचार खर्च शिर्षकमा रु १० लाख विनियोजन गरी खर्च गरेको र थप आर्थिक सहायता रु १०८०००। समेत रु ११०८०००। आर्थिक सहायतामा वितरण गरेको छ ।पालिकाद्वारा जारी आर्थिक सहायता कोष सञ्चालन कार्यविधि,२०७९ को बुँदा नं ९ को २ मा विपन्न सदस्यको उपचार खर्चको लगि रोगको प्रकृति र निजको अवस्था हेरी रु. १० हजारदेखि रु. २५ हजारसम्म आर्थिक सहायता उपलब्ध गराउन सक्ने उल्लेख भएकोमा रु. ५० हजारसम्म कार्यपालिकाको निर्णयद्धारा आर्थिक सहायता उपलब्ध गराएको छ ।कार्यविधिको पालना गर्नुपर्ने र खर्च गर्दा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

४१ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा २ क अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षक अनुसार खर्च गर्नुपर्ने उल्लेख रहेको छ। त्यस्तै महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक संकेत वर्गीकरण र व्याख्या २०७४ को ढाँचा अनुसार खर्च लेख्नुपर्दछ। पालिकाले देहाय अनुसार तोकिएको शिर्षकभन्दा फरक पारेर खर्च गरेको देखिन्छ। शीर्षक फरक पारी खरिद गरिएको नियमसम्मत नदेखिएको रु.

| भौ नं. | मिति | खर्चको प्रकृति | लेख्नुपर्ने | | लेखेको | |
|---|---|---|---|---|---|---|
| | | | खर्च शीर्षक नं | खर्च शीर्षक नाम | खर्च शीर्षक नाम | रकमरु. |
| ३८२ | २०८२।०२।२९ | सेवा र परामर्श खर्च | २२४११ | सेवा र परामर्श खर्च | शिक्षक तथा विद्यालय कर्मचारीको तलब भत्ता | १०११६०० |

| | |
|---|---|
| अनियमित भएको | १०,११,६०० |

४२ **वितरणमुखी कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार वितरणमुखी क्रियाकलापमा खर्च गरेको देखिन्छ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।

| **गो भौ नं र मिति** | **प्राप्तगर्नेको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ११०।२०८१।८।६ | जन जागरण युवा क्लब | खेलकुद कार्यक्रम | १५०००० |
| १११।२०८१।८।६ | महिला उद्यमी संघ नेपाल नुवाकोट | प्रदर्शनी कार्यक्रम | ९९००० |
| २७२।२०८१।१२।२१ | प्रथम विदुर खेलकुद तथा पर्यटन महोत्सव-२०८१ | महोत्सव कार्यक्रम | १००००० |
| २८७।२०८२।१।४ | धोक्रे तामाङ समुह | सोनम ल्होसार | २००००० |
| ३०९।२०८२।१।१६ | श्री निरन्जना माइ भगवति धार्मिक संस्था | नवाह ज्ञानमहायज्ञ | २००००० |
| ३५२।२०८२।२।२० | सूर्यमती युवा जागरण प्रतिष्ठान | दलितअधिकार सम्मेलन | ४००००० |

४३ **सेवा तथा परामर्श खरिदः**

आयकर ऐन २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग सार्वजनिक खरिद गर्दा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको भुक्तानीमा १५ प्रतिशत भन्दा न्युन कर कट्टी गरेको देखिँदा नपुग रकम असुल हुनुपर्ने रु

| गो. भौ. नं.। मिति | विषय | VAT दर्ता नं. | भुक्तानी दिइएको रकम रु. | १५ प्रतिशतले हुन आउने रकम रु. | कार्यालयले कट्टी गरेको | नपुग रकम |
|---|---|---|---|---|---|---|
| ३५२।२०८२।०२।२० | सूर्यमती युवा जागरण प्रतिष्ठान, दलित उत्थान कार्यक्रम | नभएको | ४००००० | ६०००० | १८२०२ | ४१७९८ |
| जम्मा | | | | | | ४१७९८ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रु **३१,८८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,७९८ |

## ४४ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा कार्यालय समेतको यो वर्ष खाना खाजा लगायत विविधतर्फ मात्र रु. २१ लाख २० हजार खर्च गरेको छ । गत बर्ष विविधतर्फ रु ३२ लाख ५२ हजार खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

## ४५ म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौंट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको म्याद नाघेको पेश्की फस्यौंट हुनुपर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्मको नाम | कर्मचारी भए पद | म्याद नाघेको पेश्की रु. |
|---|---|---|---|---|
| १ | विविध खर्च | बिकमान दामराङ | हलुका सवारी चालक | २०००० |
| २ | एक हजारमे.ट को खाद्य गोदाम घर निर्माण | विशाल एण्ड विराट कन्स्ट्रक्सन प्रा. लि. | | २०००००० |
| | जम्मा | | | २०२०००० |

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **४९८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २०,२०,००० |

## ४६ शिक्षा तर्फ

४६.१ **शिक्षक दरबन्दी तथा पदपूर्ति**-स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार कुल विद्यालय संख्या १५ वटा, शिक्षक दरबन्दी १०९ रहेकोमा शिक्षक पदपूर्ति पनि पूर्ण रहि विद्यार्थी संख्या २१८२ रहेको उल्लेख गरेको छ। शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १;४० पहाडी भेगमा १;४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ।पालिका अन्तरगत देहायका १५ विद्यालयक शिक्षक विद्यार्थी अनुपात देहाय अनुसार रहेको छ ।

| | विद्यालयको नाम | शिक्षक दरबन्दी | स्थायी | करार | राहत | जम्मा शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री कन्यादेवी प्रा.वि. | २ | १ | १ | ० | २ | २९ | १:१४ |
| २ | श्री महेन्द्रोदय जनसेवा प्रा.वि. | ३ | २ | १ | ० | ३ | ५१ | १:१७ |
| ३ | श्री क्षेत्रपाल मा.वि. | २१ | १७ | ३ | १ | २१ | ५७३ | १:२७ |
| ४ | श्री नारायणदेवी मा.वि. | १७ | ९ | ५ | ३ | १७ | ४६६ | १:२७ |
| ५ | श्री रतनदेउ प्रा.वि. | ४ | २ | २ | ० | ४ | ४२ | १:१० |
| ६ | श्री कृष्ण प्रा.वि | २ | १ | १ | ० | २ | ५८ | १:२९ |
| ७ | श्री चण्डेश्वरी प्रा.वि. | ३ | २ | ० | १ | ३ | १८ | १:०६ |
| ८ | श्री नवप्रकाश मा.वि. | ९ | ५ | २ | २ | ९ | ६९ | १:०७ |
| ९ | श्री निरञ्जना प्रा.वि. | ४ | ३ | ० | १ | ४ | ४२ | १:१० |
| १० | श्री पञ्चकन्या प्रा.वि. | ३ | २ | ० | १ | ३ | २२ | १:०७ |
| ११ | श्री गणेशसूर्य प्रा.वि. | ५ | ४ | ० | १ | ५ | ८८ | १:१७ |
| १२ | श्री महेन्द्र महेशदेव मा.वि. | २० | १४ | ४ | २ | २० | ३०२ | १:१५ |
| १३ | श्री कालिकादेवी प्रा.वि. | ४ | ३ | १ | ० | ४ | ६४ | १:१६ |
| १४ | श्री सिद्धिगणेश प्रा.वि. | ४ | २ | १ | १ | ४ | ५३ | १:१३ |
| १५ | श्री बच्छला मा.वि. | ८ | ६ | २ | ० | ८ | ३०५ | १:३८ |
| | जम्मा | १०९ | ७३ | २३ | १३ | १०९ | २१८२ | १:२० |

प्राप्त विवरण अनुसार पालिकाको शिक्षक विद्यार्थी अनुपात १:६ देखि १:३८ सम्म रहेको देखिन्छ।समग्रमा शिक्षक बिद्यार्थी अनुपात १:२० रहेको देखिन्छ। विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभ्ने तथा शिक्षक दरबन्दी मिलान गरी सरकारी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्ने एवं पठनपाठन व्यवस्थित गर्नुपर्दछ।

४६.२ **एस.ई.ई परीक्षा नतिजा-** शैक्षिक सत्र २०८१/८२ मा यसपालिका अन्तर्गतका सामुदायिका तथा निजी विद्यालयको एस.ई.ई परीक्षामा यस पालिका बाट ७ माध्यमिक विद्यालयका जम्मा १८९ विधार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक तथा निजी विद्यालयको अवस्था निम्न बमोजिम रहेको देखिन्छ।

| क्र. सं. | विद्यालयको नाम | सहभागी संख्या | ग्रेडेड | नन-ग्रेडेड | ग्रेडेड % |
|---|---|---|---|---|---|
| १ | क्षेत्रपाल मा.वि. | ५९ | १४ | 45 | २३.७२ |
| २ | महेन्द्र महेशदेव मा.वि. | २१ | 18 | ३ | ८५.७१ |
| ३ | नारायणदेवी मा.वि. | ३८ | १३ | २५ | ३४.२१ |
| ४ | बच्छला मा.वि. | १४ | १२ | २ | ८५.७१ |
| ५ | सेई बोडिङ स्कुल | १७ | १५ | २ | ८८.२३ |
| ६ | ज्योतिकुंज एकेडेमी | १४ | ११ | ३ | ७८.७५ |
| ७ | नर्थस्टार ई.बो. स्कुल | २६ | २६ | ० | १०० |
| | जम्मा | **१८९** | **१०९** | **८०** | **५७.६७** |

समग्रमा ५७.६७ प्रतिशतमात्र ग्रेडेड रहेको देखिँदा सफलता दर कमजोर रहेकोले यसमा सुधार गर्नुपर्दछ।

४६.३ **पाठ्यपुस्तक बढी निकासा-** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको शुरुमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।लेखापरीक्षणको क्रममा नमुनाको रुपमा केहि विद्यालयको निकासा अनुदान परीक्षण गर्दा क्षेत्रपाल मा.वि. को EMIS मा भएको विद्यार्थी संख्या भन्दा देहाय अनुसार बढीको पाठ्यपुस्तकको खरिद उल्लेख गरी निकासा गरेकोमा पाउनुपर्नेभन्दा बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | निकासा भएको विद्यार्थी संख्या | EMIS बमोजिम भएको विद्यार्थी संख्या | बढी विद्यार्थी संख्या | दर | रकम रु. |
|---|---|---|---|---|---|---|
| क्षेत्रपाल मा वि लिखु -४ | १ | ३० | २० | १० | ५२० | ५२०० |
| | ३ | २५ | १७ | ८ | ५८० | ४६४० |
| | ८ | ७० | ५९ | ११ | ८८२ | ९७०२ |
| | १० | ६० | ३८ | २२ | ९२४ | २०३२८ |
| | जम्मा | | | | | ३९८७० |

| असुल गर्नुपर्ने | ३९,८७० |
|---|---|

४६.४ **स्यानेटरी प्याड खरिद-**कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। गाँउपालिकाले बजेटलाई नै आधारमानी लागत अनुमान तयार नगरी ६०१० प्याडको लागि कोटेशन माग गरी ग्रीन लाईफ फर्मा प्रा. लि. (६१०३५६६२७) बाट (ULTRA XL 280 mm 8 pieces per packet) प्रति प्याड रू. ९७.९९ (मू.अ. कर समेत) मा खरिद गरी संघीय सशर्त चालुको भौ.नं. २८९-२०८२/०३/२४ बाट रू. ५८८९४२ भुक्तानी दिएको छ। स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं ६(४) अनुसार एक छात्रालाई एक महिनावारी चक्रमा बढिमा १६ वटा प्याड (२ प्याकेट) उपल्बध गराउने व्यवस्था छ। पालिकाको EMIS तथ्याङ्क अनुसार पालिकाभित्र सञ्चालित विद्यालयहरूको कक्षा ६-१२ सम्म जम्मा छात्रा संख्या ६०१ रहेको छ। प्राप्त स्यानिटरी प्याड स्पेशिफिकेशन अनुसार भएको सम्बन्धमा जाँच गर्नुपर्नेमा सो गरेको देखिएन। साथै पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ।

४६.५ (२८६-2082-03-24):

**विज्ञान प्रयोगशाल अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४६.६ (२१४-2082-03-02):

**उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान-** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.२ बमोजिम तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान अन्तर्गत

स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार लिई उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था गरेको छ। पालिकाले सिद्धिगणेश आ.वि. लिखुलाई उत्कृष्ट विद्यालय द्वितीय वापत रु.२०००००।– अनुदान निकासा गरेकोमा लेखापरीक्षणको क्रममा उक्त विद्यालयको जम्मा विद्यार्थी संख्या EMIS रिपोर्ट २०८१ अनुसार लाभान्वित विद्यार्थी ५३ जना रहेको अवस्थामा पनि उत्कृष्ट विद्यालय छनोट गरि निकासा दिएको, रकम खर्च गर्दा व्यवस्थापन समितिको निर्णय नरहेको, खरिद गरिएका जिन्सी सामाग्रीको खरिद आदेश, दाखिला सोको अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न नरहेकोले कार्यविधि विपरीत गरिएको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

४६.७ **विद्यालयको अनुगमन नियमन व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ्।

४६.८ **जिन्सी दाखिला**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटा वडामा ३१ वटा योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औषत १०० दिनले ६८८४ दिन रोजगारी उपलव्ध गराई रु.४८७३८७२।-श्रमिक ज्याला खर्च गरेको छ। साथै पालिकाले विनियोजन गरेको कुल ३५००००० साझेदारी रकम खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

४८ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा वितरण कार्यविधी, २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ। पालिकालाई यस वर्ष सामाजिक सुरक्षातर्फ रु.९ करोड ३३ लाख ४१ हजार बजेट विनियोजन भएकोमा रु.९ करोड २५ लाख ८४ हजार खर्च भई वाँकी रकम रु २ लाख ९६ हजार फिर्ता भएको देखिन्छ। पालिकाले सफ्टवेयरवाट लाभग्राहीहरुको वडाकार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन,

लगत अद्यावधिक कार्य व्यवस्थित गर्दै बैङ्कले वितरण नगरी बाँकी रहेको तथा लगत कट्टा गरी फिर्ता गर्नुपर्ने देखिएको रकमका सम्बन्धमा यकिन गरी फिर्ता गर्नुपर्दछ।

४९ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यो बर्ष पालिकाले रु.११६३७९०। औषधि खरीद गरेको छ। आपूर्ति भएको औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको देखिएन । साथै यो बर्ष पालिकाले जनस्वास्थ्य कार्यालय नुवाकोटबाट १३ पटक रु ६४८३९१। बराबरको औषधि प्राप्त गरेको विवरण पेश गरेको छ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए । नभएको एकीन गरी औषधि व्यवस्थापन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लिखु गाउँपालिका, नुवाकोट , लिखु गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण बहादुर बिष्ट | २०८०-११-१४ | २०८१-६-१६ |
| कार्यालय प्रमुख | शेर सिङ्ग रावत | २०८२-०२-१५ | २०८२-०५-१५ |
| कार्यालय प्रमुख | प्रदिपराज भण्डारी | २०८१-६-१६ | २०८१-८-७ |
| कार्यालय प्रमुख | अशोक बिष्ट | २०८२-०५-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निमराज डाँगी | २०८१-१-३० | २०८२-१-१६ |
| लेखा प्रमुख | सुरेन्द्र कटुवाल | २०८२-१-१७ | २०८२-०३-३२ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८७८,६७९.६५ | ३,१५०,२४८ | ३,४३८,६७७ | ० | ० | ३,११८,५०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,५८६,१०४.६५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,९४९,८१६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,६३६,२८८.६५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४९७९६३०८.९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६३६७७९८९.१४ | चालु खर्च | २३१८८४६८७.९५ |
| प्रदेश सरकारबाट अनुदान | ४४९६४००० | पूँजीगत खर्च | ११७८४६३०७ |
| राजश्व बाँडफाँट | ७७२४४९३३.६१ | वित्तीय/अन्य व्यवस्था | १४५४६६५२३.५५ |
| आन्तरिक आय | २८४९२४३८.९६ | | |
| अन्य आय | ९९३१३२९२.१५ | | |
| कुल आय | ५१३६९२६५३.८६ | कुल खर्च | ४९५१९७५१८.५० |
| बाँकी मौज्दात | | ६८२९१४४४.२६ | |

## अनुसूची - २

## बेरूजु दफा ९.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| विवरण | चालु आ व को कारोवार | गत आ व को कारोवार |
|---|---|---|
| | जम्मा | जम्मा |
| राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| कर | ८,००,०४,९८०.४३ | ७,४४,८६,३०६.४४ |
| अनुदान | २६,७८,८६,२०६.२९ | २४,६९,२७,५१६.८२ |
| अन्य राजस्व | २,३७,४९,१०६.१३ | २,६९,५७,३५५.५१ |
| विविध प्राप्ति | ११,०५,०००.०० | ७१५.०० |
| कुल जम्मा प्राप्ति | ३७,२७,४५,२९२.८५ | ३४,८३,७१,८९३.७७ |
| चालु | २३,१८,८४,६८७.९५ | २२,६४,८४,३४६.३५ |
| पारिश्रमिक / सुविधा | १२,४९,१०,०५६.५६ | १२,०३,००,४०४.३९ |
| मालसामान तथा सेवाको उपयोग | ९,११,७५,८५६.९९ | ९,२१,०१,५५२.९६ |
| सहायता (Subsidy) | ७६,६९,९७८.०० | ७२,६८,८४३.०० |
| अनुदान | १३,११,९३१.०० | ०.०० |
| सामाजिक सुरक्षा | ३१,४०,६३५.४० | २८,९९,११२.०० |
| अन्य खर्च | ३६,७६,२३०.०० | ३९,१४,४३४.०० |
| पूंजीगत | ११,७८,४६,३०७.०० | १२,३१,७३,०७५.०० |
| भवन तथा संरचना | २,८८,१७,०३८.०० | ३,३६,०००.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३२,३९,९६६.०० | २४,९५,३८५.०० |
| अन्य पूँजीगत खर्च | ८,३८,७४९.०० | ११,७९,७००.०० |
| सुरक्षा उपकरण | ०.०० | २,४०,५९०.०० |
| सार्वजनिक निर्माण | ८,३४,५०,५५४.०० | ११,८९,२१,४००.०० |
| पूँजीगत सुधार खर्च | १५,००,०००.०० | ०.०० |
| वित्तीय | ०.०० | ०.०० |
| कुल जम्मा भुक्तानी | ३४,९७,३०,९९४.९५ | ३४,९६,५७,४२१.३५ |
| बचत /कमी (ग = क-ख ) | २,३०,१४,२९७.९० | (१२,८५,५२७.५८) |
| धरौटी, आकस्मिक कोष लगायतका | (२,११,९८,४१४.६९) | १,९२,७३,७३८.९९ |

| | | |
|---|---|---|
| अन्य कोषको मौज्दातको थप/घट (+/-) | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (५०,५३२.६५) | |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १८,१५,८८३.२१ | १,७९,८८,२११.४१ |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | ६,३०,५३,३७७.८८ | ४,६५,००,९४६.४९ |
| विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ६,४८,६९,२६१.०९ | ६,४४,८९,१५७.९० |

# सुझाव

.

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।